# नवौं गाउँ सभामा प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा बजेट

## आ.व. २०७८/७९

**बोगटान फुड्सिल गाउँपालिका**

**चवराचौतारा, डोटी**

**मिति : २०७८/०३/१**

# बोगटान फुड्सिल गाउंपालिकाको गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष ०७८/०७९को बार्षिक नीति कार्यक्रम तथा बजेट

गाँउ सभाको नवौ अधिवेशनमा उपस्थितअध्यक्ष ज्यू, वडाअध्यक्षज्यूहरु कार्यपालिका सदस्य ज्यूहरु, एवं गाँउ सभाका सदस्य ज्यूहरु तथा कर्मचारी ज्यूहरु  स्थानीय तहको निर्वाचन पश्चात बोगटान फुडसिलगाँउ सभाका नवौं गाँउ अधिवेसनको यो संवेदनशील एवं महत्वपुर्ण क्षणमा हार्दिक सम्मान भाव व्यक्त गर्दछु ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

१.  संविधान कार्यान्वयनका महत्वपुर्ण आधारहरु निर्माण गरी राजनितिक संकक्रण कालको अन्त्य भई देश विकास र समृद्धीको सुखद प्रवेशद्वारामा प्रवेश गरी समृद्ध नेपाल सुखी नेपालीको मुल मर्म अनुसार कार्य गर्न थालनी गर्ने एउटा जिम्मेवार सदस्यको हैसियतमा तपाई हामीलाई पाउँदा मलाई अति नै खुशी लागेको छ ।

२. विभिन्न किसिमका सामन्ती निरङ्कुशतावादीहरुको शासन प्रणालीको अध्याँरो युगको अन्त्य गरी जनप्रतिनिधी मार्फत राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गराउने क्रममा जीवनको आहुती दिनुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्वाञ्जली अर्पण गर्दछु ।

३. नेपाली समाजको रुपान्तरणमा योगदान पुऱ्याउनुहुने तथा राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान सहितको लोकतन्त्र एवं गणतन्त्र प्राप्तीको लागी नेतृत्व प्रदान गर्नुहुने सम्पुर्ण अग्रजहरुप्रति उच्च सम्मानभाव प्रकट गर्न चाहन्छु ।

४. गणतन्त्र स्थापना भएको १३ वर्षको अवधिमा हासिल भएका महत्वपुर्ण उपलब्धीहरु सफलतापुर्वक संस्थागत गरिदै थप सुदृढ र सम्मुनत बनाइने क्रममा नेपालको संविधानले परिकल्पना गरेको ३ तहको सरकार मध्ये स्थानीय सरकारको हैसियतमा हामी सबैजना यस बोगटान फुडसिलगाँउपालिकाको विकास समृद्धी र बोगटान फुडसिलवासी आम जनसमुदायको सम्मुनतीमा अहोरात्र खटिने महत्वपुर्ण सदस्यको रुपमा निर्वाचित गराउनुहुने सम्पुर्ण बोगटान फुडसिलवासीमा धन्यवाद

ज्ञापन गर्दै हाम्रा आजसम्मका कार्यहरुको पुर्ण समिक्षा गरी आगामी दिनहरुमा गर्नुपर्ने कार्यहरुको महत्वपुर्ण सुझाव दिनुहुने सम्पुर्ण बुद्धिजिवी, राजनितिज्ञ, समाजसेवी, पत्रकार लगायत सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

५. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानद्वारा सुनिश्चितता गरिएका अधिकारहरुको माध्यमबाट हालसम्म तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका लगायतका कानुनहरुको अधिनमा रही कार्य सम्पादन गरिदैं आएको र आगामी दिनमा आवश्यकता अनुसार थप ऐन, नियमहरुको व्यवस्था गर्दै कार्य अगाडी बढाईने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

६. संविधान प्रदत अधिकारमा संघीय सरकार, सुदुरपश्चिम प्रदेश सरकार र बोगटान फुडसिलगाँउपालिकाको स्थानीय सरकार बिचमा समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्वान्तलाई अङ्गीकार गरी गाँउ भित्रका सम्पुर्ण आर्थिक, सामाजिक तथा भौतिक विकास निर्माणका कार्यहरु हालसम्म कार्यान्वयन हुँदै आईरहेको र आगामी दिनमा पनि सोही अनुसार सुमधुर सम्बन्ध कायम गरी थप सशक्त र दिगो रुपमा निरन्तर चलिरहने विश्वास दिलाउन चाहन्छु ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

७. विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड- १९ (कोरोना भाइरस)ले सृजना गरेको चुनौतीपुर्ण र असहज अवस्थाको विचमा आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम नेपालको संविधान कार्यान्वयनको क्रममा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँगको अन्तरसम्बन्ध, सहकारीता, सह अस्तित्व र समन्वयको मर्म भित्र रही प्रस्तुत हुन गईरहेकोले आगामी आ.व.मा यसको महत्व अझ बढोत्तर हुने विश्वास व्यक्त गर्दछु ।

८. कोभिड १९ (कोरोना भाइरस) को कारणले स्वदेश तथा विदेशमा आफ्नो ज्यान गुमाउनुहुने नेपाली लगायत विश्वभरका नागरिकहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दै यस रोगको विरुद्ध उपचाररत दाजुभाई तथा दिदीबहिनीहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

९ कोभिड-१९ (कोरोना भाइरस)को कारणले सामना गर्नुपरेको बन्दाबन्दी जस्तो कठिन परिस्थितीमा आफ्नो ज्यानको समेत पर्वाह नगरी रोगको रोकथाम, नियन्त्रण र उपचार सेवामा अहोरात्र खटिनुहुने जनप्रतिनिधी ज्यूहरु, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, सुरक्षाकर्मी, , कर्मचारी, एम्बुलेन्स चालक एवं यस विषम समयमा समेत सूचना संकलन गरी जनतालाई सुसुचित गराउन समाचार सम्प्रेषण गर्नुहुने सम्पुर्ण पत्रकार ज्यूहरु प्रति आदरभावले म नमन व्यक्त गर्न चाहन्छु ।

१०. कोभिड -१९ (कोरोना भाइरस) रोकथाम, नियन्त्रण र उपचार गर्न यस गाँउपालिका संघीय सरकार र प्रदेश सरकारको नीति निर्देशन तथा समन्वयमा अहोरात्र खटिई कार्य गर्न प्रतिवद्ध रहेको व्यहोरा अवगत गराई यस महत्वपुर्ण कार्य सञ्चालनको लागी गाँउपालिकाद्वारा स्थापित विपद व्यवस्थापन कोषमा सहयोग पुऱ्याउनुहुने आदरणीय व्यक्तित्व, सरकारी तथा गैरसरकारी संस्था, प्रदेश सरकार एवं संघीय सरकार, सम्पुर्णलाई धन्यवाद दिँदै आगामी दिनहरुमा निरन्तर सहयोग र सहकार्यको समेत अपेक्षा गर्दछु ।

११. यस गाँउपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी एवं स्वास्थ्य सस्थाहरुबाट आफ्ना नियमित सेवाहरु पुर्णरुपले अनवरत रुपमा सञ्चालन गर्दै कोभिड १९ ( कोरोना भाइरस) रोकथाम, नियन्त्रण र उपचारमा समेत थप सहयोग पुऱ्याउनको निम्ति आवश्यक स्वास्थ्य सामाग्री सहितका स्वास्थ्यकर्मीहरु खटाईरहेको र आगामी दिनहरुमा पनि निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

१२. यस गाँउपालिकाभित्र संक्रमण फैलिनबाट रोक्न निर्धारित मापदण्ड अनुसार आइसोलेशन/क्वारेन्टीनहरु हालसम्म सञ्चालनमा रहेको र आवश्यकता अनुसार थप मजबुत व्यवस्थापन सहित नियमित सञ्चालन गरिने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु

१३. कोभिड १९ (कोरोना भाइरस)को जोखिमबाट आम गाँउवासीलाई थप सुरक्षित राख्न र संक्रमितहरुको उपचारको लागी आवश्यकता अनुसार आईसोलेशन वार्ड निर्माण गर्नको लागी समेत गाँउपालिका तयारी अवस्था रहेको र मापदण्डयुक्त आईसोलेशन वार्डमा कोरोना भाइरसबाट संक्रमित विरामीलाई राखी उपचार गर्न

कुनै पनि कसुर बाँकी नराख्नेविश्वास दिलाउन चाहन्छु र सो कार्य आगामी दिनहरुमा समेत निरन्तर रुपमा रही रहने विश्वास दिलाउन चाहन्छु ।

१४ .प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनबाट गाँउभित्र रहेका बेरोजगारीको न्यूनिकरण गर्नुका साथै कृषिमा आत्मनिर्भर बनाउने र यसै वर्षबाट गाँउभित्र उत्पादित कृषि उपजमा न्युनतम समर्थन मुल्य तोकी कृषि पेशा अंगाल्नुहुने व्यक्ति, फर्म र समुदायमा पर्नसक्ने क्षतिको क्षतिपुर्ति व्यवस्था गरी किसानलाई राहत उपलब्ध गराइने छ ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

१५. स्थानीय सरकार स्थापना र सञ्चालन भएको ४ वर्षको अवधीमा स्थानीय आयोजनाहरुको पहिचान, प्राथमिकिकरण, छनौट र मुल्यांकन जस्ता क्रियाकलापहरुलाई तथ्यपरक एवं मापदण्डमा आधारित बनाई हालसम्म भएका कार्यहरुको समिक्षा गर्दै आगामी दिनमा थप मजबुद र सुदृढ ढंगले सञ्चालन गरिदै लगिने छ। .।

१६. बन्दाबन्दीको कारणले निर्माण सामाग्री आपुर्तिमा सहजता उत्पन्न गराई कोभिड १९ (कोरोना भाइरस)बाट बच्ने सुरक्षाका उपायहरु अबलम्बन गरी धेरै भन्दा धेरै निर्माणका योजनाहरु सम्पन्न गर्न सम्भव भएका सम्पुर्ण उपायहरु लगाई ठेक्का तथा उ.स.द्धारा कार्य अगाडी बढी रहेको र ति योजनाहरु यस आ.व. भित्र सम्पन्न गर्ने लक्ष्य लिएको र यसबाट गाँउपालिका भित्रका गरिब तथा विपन्न वर्गका व्यक्तिहरुलाई श्रम र रोजगारको अवसर प्रदान गरी खाद्य अभाव र भोकमरीबाट बचाउने कार्यमा पुरा टेवा पुगेको विश्वास व्यक्त गर्दछु ।

१७.संघीय र प्रदेश सरकार मार्फत प्रदान गरीएको समपुरक, विशेष, सशर्त एवं सांसद कोष मार्फत सञ्चालित पुर्वाधार विकास योजनाहरु समयमा नै सम्पन्न गर्न सम्पुर्ण गाँउपालिकाका प्राविधिक एवं प्रशासनिक लगायत जनप्रतिनिधीहरु सचेत रही अहोरात्र खटिई लक्ष्य पुरा गर्न तल्लिन भई लागेका छौँ ।

१८. इतिहासका धरोहर समाजका अग्रज सम्मानित व्यक्तित्व जेष्ठ नागरिकको स्वास्थ्य प्रति गाँउपालिका सचेत रहेकोले गर्दा उहाँहरुको सम्मान स्वरुप घरघरमा गई स्वास्थ्य परीक्षण गर्ने कार्य निरन्तर रुपमा भइरहेने छ ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

समृद्ध नेपाल सुखी नेपाली अभियानलाई आत्मासाथ गर्दै यस गाँउ क्षेत्रको विकास निर्माण र सुशासन प्रबर्द्धनका र गाँउवासीको समृद्धिका लागि कार्य गर्न दत्तचित्त रही विगतमा हामीबाट ब्यक्त भएका प्रतिबद्धताहरुको निरन्तर कार्यान्वयमा लागिरहने र आउदा दिनहरुमा थप नयाँ नयाँ जनमुखी  कार्यक्रमहरुलाई कार्यान्वयन गर्दै लाने बिश्वास यहांहरुलाई दिलाउन चाहन्छु । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुसार समुदाय तहका माग र आवश्यकताहरुलाई यथाशक्य संम्बोधन हुने गरी समुदाय तथा वडाका जनप्रतिनिधीहरुका माझ योजना तर्जूमाका विभिन्न चरणहरुको अवलम्बन गरी आगामी आर्थिक बर्षका लागि एकिकृत बार्षिक नीति तथा कार्यक्रमहरुलाई तयार गरी यस गौरवमय सभामा पेश गर्न पाउदा मलाई गर्व लागेको छ । नेपाल सरकार अर्थ मन्त्रालयको बजेट तर्जुमा दिग्दर्शन र नेपाल सरकारको विभिन्न निर्देशनको अधिनमा रही आगामी आर्थिक वर्ष गाँउपालिका भित्र सञ्चालन गरिने योजना तर्जूमा वजेटको विनियोजन र त्यस सम्वन्धी सम्पूर्ण सहभागितामूलक योजना तर्जुमा प्रकृयाहरु चरणगत रुपमा सम्पन्न गरिएको छ । क्रमश वडा भेला, वडा सिफारिस, विषयगत योजना तर्जूमा समितिको निर्णयहरुलाई समेट्दै सम्पूर्ण सदस्यहरुको वृहत र अर्थपूर्ण सहभागिता मार्फत प्राप्त सुझाव लगायतका आधारमा निर्णय भएको कार्यक्रमको दस्तावेज, समष्टिगत नीति, योजना, कार्यक्रम तथा वजेट विनियोजनका सम्पूर्ण प्रकृया पूरा गरी आजको यो गरिमामय गाँउसभामा उपस्थित भएको व्यहोरा निवेदन गर्न चाहन्छु ।गाँउ विकासमा गाँउवासीको असिमित ईच्छा र आकांक्षा लाई पुरा गर्न अहोरात्र खटी समय अनुसार यहाँहरुको सुझाव र सल्लाहलाई शिरोपर गरी कार्यपालिकाको मनोभावना समेतलाई कदर गर्दै गाँउको विकास र समृद्धिको लागि समष्ठिगत नीति तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ । गाँउको विकासका सपनाहरुलाई मुर्त रुप दिनका लागि विकास निर्माणका कार्यहरुलाई प्राथमिकिकरण गर्दै क्रमिक रुपमा कार्यान्वयन गर्दै जाने नीति लिइएको ब्यहोरा म यो सम्मनीत सभा समक्ष पुनः जानकारी गराउदछु । गत आ.व.मा तय गरिएका विभिन्न परिकल्पना तथा लक्ष्यहरुलाई आगामी आ.व.मा समेत सम्भाब्यता, आवश्यकता तथा औचित्यताको आधारमा निरन्तर अगाडि बढाउने प्रतिज्ञा गर्दै कृषकहरुलाई प्रत्यक्ष फाईदा पुग्ने खालका, महिला,

बालबालिका तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु, युवा तथा खेलकुद लक्षित कार्यक्रमहरु लगायत आर्थिक सामाजिक विकासका विभिन्न नीति तथा कार्यनीतिहरुलाई प्रस्ताव गरेको छु।

## क) सुशासन, पारदर्शिता र सेवा प्रवाह।

१..कार्य सम्पादनलाई चुस्त दुरुस्त राख्दै थप सुदृढ गर्दै हाम्रा सेवाहरुलाई निष्पक्ष र पारदर्शी तरिकाले हेर्न सकिने बनाईनेछ ।

२. सेवा प्रवाहलाई अझ प्रभावकारी र विकास निर्माणको कार्यलाई बैधानिक एवं व्यवस्थित गर्न नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा यस गाँउको सभाबाट पारित विभिन्न ऐन, कानुन, नियमावली, कार्यविधी, नीति, निर्देशिकाहरुको अधिनमा रही नियमित कार्यसञ्चालन गरिनेछ । विभिन्न शाखाहरुको नियमित कामलाई विद्युतीय माध्यमबाट छिटो छरितो संचालन गर्ने हेतुले आर्थिक प्रशासन शाखा, योजना शाखा, घटना दर्ता तथा सामाजिक सुरक्षा शाखा लगायतबाट प्रदान गरिने सेवाहरु विद्युतीय माध्यमबाट सञ्चालन गरिदै आएको र आगामी दिनहरुमा राजश्व, प्राविधिक, नक्सा शाखाहरुमा समेत विद्युतीय माध्यमबाट सेवा प्रदान गरिनेछ ।

३.जनताको समस्या, गुनासो तथा पिरमर्का प्रत्यक्ष सामाधानका लागि बोगटान फुडसिल सेरोफेरो तथा लक्षित वर्गका लागि गाँउपालिका कार्यक्रम सुरु गरि स्थानीय टि.भि. एफ.एम. मार्फत प्रशारण गर्ने प्रकृयालाई अझ परिस्कृत रुपमा निरन्तरता दिईनेछ ।

४.गाँउपालिकाको आयव्यय विवरण र प्रगतिहरु चौमासिक, अर्धवार्षिक तथा बार्षिक रुपमा समिक्षा गरी गाँउपालिकाको सुचनापाटी, स्थानीय पत्रपत्रिका र वेभसाईट तथा विद्युतीय सामाजिक सञ्जालमा प्रकाशित गर्ने र सोको सुझावहरुलाई पृष्ठपोषणका रुपमा ग्रहण गर्दै आगामी कार्यदिशाको रुपमा लिईनेछ ।

५. पारदर्शी र जनउत्तरदायी सरकारको भूमिकामा रही जनगुनासोको प्रभावकारी व्यवस्थापनका लागि जनसम्पर्क शाखाको ब्यवस्थापन गर्दै सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई गराउने पद्दतीको प्रभावकारी अवलम्वनमा जोड दिईने छ ।

६. गुनासो तथा सुझाव पेटिका, सार्वजनिक वहस, सार्वजनिक सुनुवाईको औजारहरुको प्रयोगमा जोड दिईनेछ । राष्ट्रिय तथा स्थानीय संचार माध्यमसंग साझेदारी गरी गाँउवासीको सूचनाको अधिकारको सम्मान गर्दै पारदर्शिताको नीति प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

७.कार्यालयमा कार्यरत जनशक्तिलाइ निरन्तर क्षमता विकास गराई बृत्ति विकासका अवसरहरुलाई महत्व दिंदै कार्यसम्पादन मूल्यांकनको आधारमा दण्ड र पुरस्कारको ब्यवस्था गर्ने नीतिलाई अंगिकार गरिनेछ ।

८.जनसेवामा समर्पित राष्ट्र सेवक कर्मचारीहरुलाई क्षमता अभिबृद्धी गरी कार्य सम्पादनमा शिष्टता सहितको चुस्तता प्रदान गर्न अभिप्रेरित गरिनेछ ।

## ख) राजस्व तथा कर प्रशासन

१.गाँउ क्षेत्रवाट उठाईने विभिन्न कर, दस्तुरलाई बिद्युतीय प्रणालीको कार्यान्वयन गरी गत विगत बर्षहरुदेखिकै बांकी बक्यौतालाई असूल उपर गर्न विभिन्न संघ संस्था, नीजि क्षेत्रसंग सहकार्य र साझेदारीको नीति अवलम्बन गरिनेछ ।

२. चालु आ.व.मा रहेको मालपोत कर र भूमीकरको रुपमा सञ्चालित व्यवस्थालाई प्रभावकारी र बैज्ञानिक कर प्रणालीको रुपमा विकसित गरिने छ ।

३.गाँउपालिकाको खर्च प्रणाली पुर्ण विद्युतीय प्रणालीमा सञ्चालन भईसकेको र राजश्व प्रणाली तथा अन्यलाई आगामी आ.व.बाट पुर्ण रुपमा कम्प्यूटर सफ्टवेयर प्रणालीमा लगिने छ ।

४. गाँउक्षेत्र भित्र रोजगार सिर्जना गरी बेरोजगार न्यूनिकरणको लागी करको आम्दानीलाई सोही क्षेत्रमा आवश्यकता हेरी प्रयोग गर्दै उद्योगहरुको स्थापनालाई प्रोत्साहन गरी स्थानीय रोजगारी प्रबर्द्धनमा जोड दिइनेछ ।

५.गाँउ क्षेत्र भित्र नियमित रुपले वढी कर तिर्ने कर दातालाई पहिचान गरी सहुलियत प्रदान गर्न विशेष पहल गरिनेछ।

७ .विकास निर्माणको लागी अत्यावश्यक निर्माणजन्य सामाग्री ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, माटो, दहत्तर, बहत्तर, जराजुरी, काठ, दाउरा लगायतका स्थानीय तहको क्षेत्राधिकार भित्र रहेका खानीजन्य तथा नदीजन्य उत्पादन, उत्खनन्, बिक्री एवं निकाशीका लागि बिक्री शुल्क र कर प्रणाली लागु गरी गाँउपालिकाको विकास निर्माणका लागि श्रोत जुटाइनेछ ।साथै प्रयोग विहिन रहेका जग्गाहरुलाई भाडामा प्राप्त गरी व्यवसायिक खेती प्रणालीलाई जोड दिई अन्नबाली तथा तरकारीमा आत्मनिर्भर हुने नीतिलाई लागु गरिनेछ ।

# ग) पूर्वाधार विकास

१.बालमैत्री एंवम अपाङ्गमैत्री हुने गरी सार्वजनिक भवन संरचना निर्माण गर्ने नीतिलाई नियमित अवलम्बन गरिनेछ ।

२.स्वास्थ्य जीवन जिउनको लागी अतिआवश्यक पर्ने स्वच्छ खानेपानी सम्पुर्ण गाँउवासीहरुलाई उपलब्ध गराउने प्रतिबद्धता स्वरुप कार्य सम्पन्न भईरहेको र केही स्थानहरुमा थप खानेपानी, योजना सञ्चालनका लागी आवश्यक सम्भाव्यता अध्ययन गरी खानेपानीको समस्यालाई आगामी दिनमा न्युनीकरण गर्दै शुन्यतामा ल्याउन पहल गरिनेछ। साथै उपभोक्ता समिति, टोल विकास संस्था, सामाजिक संघसंस्था एवं स्थानीय गैरसरकारी संस्था लगायतलाई प्राथमिकता दिई विकास निर्माणका योजनाहरु सञ्चालन गरिने नीति कडाईका साथ लागु गरिनेछ ।

३.प्रधानमन्त्री रोजगार कार्यक्रम, कृषि क्षेत्रमा अनुदान, पशुपंक्षी पालनमा प्रोत्साहन, औधोगिक ग्राम स्थापना, विशेष आर्थिक क्षेत्र सञ्चालन, रोजगार प्रवर्द्धन कार्यक्रम, घरेलु तथा साना उद्योग एवं लघुवित्त सम्बन्धी कार्यक्रम तथा अन्य आयमुलक कार्यहरु सञ्चालन गरी गाँउ भित्र रोजगारको अवसर सिर्जना गरिने कार्य प्राथमिकतामा राखिनेछ ।

४.कोरोनाको महामारी वा अन्य कुनै कारणले विदेशबाट फर्किएका दक्ष जनशक्तिलाई कृषि, पशु, साना उद्योग सञ्चालन लगायतका कार्य गर्ने युवाहरुको

छनौट गरी आफ्नोसिप अनुसार कार्य गर्न कम्तीमा “एक वडा एक उद्यमी” नीतिलाई अवलम्बन गरी गाँउपालिकाबाट अनुदानको व्यवस्था गरिनेछ ।

## घ) आर्थिक विकास

१.खाद्यान्न अभावको कारण सिर्जना हुन सक्ने भोकमरीबाट बचाउनको लागी कृषिमा जोड दिनु अपरिहार्य देखिएको गाँउभित्रका सम्भावित कृषि योग्य क्षेत्रहरु पुर्ण रुपले बाझो रहित बनाउने कार्य यसै वर्षबाट जोडदारका रुपमा लागु गरिनेछ ।

२. विदेशबाट फर्किएका युवाहरुलाई रोजगार प्रदान गर्न  बाझो रहेका कृषि योग्य जमिनहरुलाई आधुनिक कृषि प्रणालीको अवलम्बन गरी व्यवसायीक रुपमा कृषि उत्पादन गर्न गाँउपालिकाको सिफारिसमा विभिन्न बैंकहरु मार्फत सुलभ व्याजदरमा सहुलियतपुर्ण ऋण उपलब्ध गराउन पहल गरिनेछ ।

३. कृषि क्षेत्रमा गरेका लगानीको प्रतिफलको सुनिश्चितता गर्न यसै वर्षदेखि कृषि उपजमा न्यूनतम समर्थन मुल्य निर्धारण गरी उत्पादन भएको वस्तुहरुको बजारिकरण एवं शुलभ मुल्यमा विउविजन, किटनाषक विषादी, मल, लगायत कृषि औजारहरुमा समेत सहजीकरण गर्न आवश्यकता अनुसार एक वडा एक कृषि उपज संकलन तथा विक्री एवं भण्डारण केन्द्र स्थापना गर्दै लगिने छ।

४.  कृषि कार्यमा मानव श्रमको अभाव तथा लगानी धेरै भइरहेको अवस्थामा कृषि यान्त्रिकरण मार्फत यस समस्यालाई न्यूनिकरण गर्न सकिने हुंदा जोत्ने मेसिन पावर टिलर, मिनीटिलर, मकै छोडाउने मेशिन जस्ता उपकरणहरु कृषि सहकारी तथा समूहहरुलाई वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

५. खाद्यान्न वालीको उन्नत बीउ उत्पादनका लागि गाँउपालिकाले उपयुक्त स्थानहरु छनौट गरी बीज बृद्धि कार्यक्रममा प्रोत्साहन स्वरुप लाग्ने लागत सबै

गाँउपालिकाबाट व्यहोरी स्थानीय उन्नत जातको विउ उत्पादन गरी आयातित विउहरुलाई विस्थापन गर्ने कार्य यसै वर्षबाट लागु गरिनेछ।

६ . आयातित तरकारीको विस्थापन गरी स्थानीय अर्गानिक तरकारीमा गाँउबासीलाई आत्मनिर्भर बनाउन एक घर एक करेसा बारी अवधारणालाई यसै वर्षबाट थालनी गरी प्रत्येक घरलाई माग अनुसार सतप्रतिशत अनुदानमा तरकारीको विउविजन उपलब्ध गराइनेछ ।

७. व्यवसायिक बेमौसमी तरकारी खेतीमा प्रोत्साहन गर्न निर्धारित साइजमा निर्माण गर्ने फलामे तथा प्लाष्टिक टनेलको लागी यस वर्ष पनि अनुदान उपलब्ध गराईनेछ ।

८. उन्नत नश्लको क्रस पशु वस्तु उत्पादन वृद्धि भए सँगै सोही अनुसार पशु पोषण आहार कार्यक्रम संचालन गर्न हिउँदे, वर्खे, बहुवर्षिय, घाँसखेतको विस्तार गर्ने योजनालाई निरन्तरता दिईनेछ ।

९. भ्यागुते, चरचरे, खोरेत, पिपिआर, रेविज, डिस्टेम्पर जस्ता रोगहरुबाट बचाउन पशु स्वास्थ्य संरक्षण तथा रोग निषेधात्मक कार्यक्रम मार्फत औषधि खरिद गरि निःशुल्क सेवा दिने व्यवस्थालाई निरन्तरता प्रदान गरेको छ.।

१०. दैवि प्रकोप एवं किरा-फट्याङ्ग्रा लगायत अन्य रोगहरुबाट नष्ट हुन सक्नेअन्नबाली, तरकारीबाली वा फलफुलबालीको क्षतिबाट कृषकलाई जोगाउन गाँउपालिकाले समेत अनुदान प्रदान गरी सम्पुर्ण व्यवसायिक कृषकहरुलाई कृषि बालीमा विमाको व्यवस्था अनिवार्य गराउने नीति अवलम्बन गरिनेछ । साथै नयाँ प्रविधिबाट नौलो किसिमको बाली भित्राउने कृषिकहरुलाई प्रोत्साहन दिने नीति ल्याईनेछ ।

११.बोगटान फुडसिलको विकासमा कृषिको आधार भन्ने सिद्धान्तलाई अवलम्बन गर्न कुनै पनि खेतीयोग्य जमिन बाझो नराखी कृषिमा अभिप्रेरित गरी उत्पादन र आर्थिक सम्पन्नताको स्तर उकास्नको लागी कृषि सर्वेक्षण तथा तथ्यांक संकलन कार्यसहित तथ्यांकमा आधारित योजना तर्जुमा यसैवर्ष सम्पन्न गरी सोही अनुसारको कार्यान्वयन नीति लागु गरिनेछ ।

१२. व्यवसायिक पशुपालनमा प्रोत्साहन गर्न गोठसुधार कार्यक्रम, उन्नत जातका बोका वितरण एवं माउपाठी वितरणमा दिईदै आएको अनुदानलाई आगामी वर्ष पनि निरन्तरता प्रदान गरिएको छ।

## ङ) विपद व्यवस्थापन, सरसफाई तथा वातावरण

१. विश्वमहामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) लगायतका रोगहरुबाट हुन सक्ने जोखिम न्युनिकरण गर्नको लागी आवश्यक नीति नियमहरुको निर्माण सम्पन्न गरी सेवा प्रदान गर्दै गाँउबासीहरुलाई सुरक्षाको प्रत्याभुती दिलाउने कार्यमा दृढ संकल्प रहेको अवगत गराउन चाहन्छु।

२.कोरोना भाइरस रोकथाम नियन्त्रण र उपचार कार्यलाई थप शशक्त रुपमा अगाडी बनाइनेछ ।

३.गाँउपालिकाबासी सबैलाई खोप उपलब्ध गराउन प्रदेश र संघ सरकारसंग पहल गरिनेछठुला बिकास निर्माणका कार्य गर्न ढुगां गिट्टी, बालुवा सकंलन ,पूर्व प्रारम्भिक वातावरण परिक्षण (IEE)/ वातावरणीय प्रभाव मूल्याङ्गन (EIA) गरेको प्रमाण पेश गरेमा मात्र सिफारिस दिने नीति लाई लागु गरिनेछ ।

## च) स्वास्थ्य सम्बन्धीः

१..गाँउवासीलाई स्वास्थ्य सेवा प्रदान गर्ने हेतुले हरेक वडाहरुमा तयार भएका स्वास्थ्य चौकी तथा  स्वास्थ्य संस्थाहरुबाट यस वर्षदेखि सेवा पुर्ण रुपमा सञ्चालन गरिने व्यवस्था मिलाइनेछ । साथै आवश्यक औषधी, उपकरण स्वास्थ्यसंस्थालाई आवश्यकता अनुसार उपलब्ध गराइनेछ ।

२. गाउँघर क्लिनिकलाई आधुनिक र सुविधा सम्पन बनाई सेवा विस्तार गरी जनस्तरमा स्वास्थ्य सुविधाको पहुंचलाई सहज गराउने कार्य प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३.विपन्न नागरिक स्वास्थ्य उपचार सहयोगका लागि मुटु रोगको शल्यक्रिया, क्यान्सरको शल्यक्रिया, मृगौला प्रत्यारोपण, डायलोसिस र पक्षघातको उपचारको लागि तोकिएको कार्यविधीको आधारमा आर्थिक सहयोग गरिनेछ ।

४. नेपाल सरकारबाट सहुलियतमा शल्यक्रिया गरी उपचार पश्चातको नियमित औषधी सेवन गरिरहेका विपन्न नागरिकलाई कार्यविधीका आधारमा औषधी सेवन खर्चको व्यवस्था गरिनेछ।

५.लागु पदार्थ दुर्व्यसनी एवं एच.आई.भी.एड्स, चेलीवेटी बेचबिखनविरुद्ध जनचेतना अभिबृद्धी कार्यक्रम संचालनमा सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थासंग समन्वय गरी कार्यक्रम सञ्चालनमा निरन्तरता दिईनेछ ।

६.आफ्नो जीवनका विभिन्न आरोह र अवरोहहरु सहितको अनुभवन संहालेर आदरणीय सम्मानित व्यक्तित्वहरु आफ्नो उत्तरार्धमा स्वास्थ्य सेवा समेत ग्रहण गर्न जान असम्भव हुनसक्ने परिस्थितीलाई ध्यानमा राखी ७० वर्ष माथीका ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम घरघरमै गई गराईने व्यवस्था गरिनेछ । साथै समय-समयमा घुम्ती स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

७. स्वास्थ्य सेवालाई विश्वसनिय र भरपर्दो बनाई आम नागरिकको स्वास्थ्य जीवनको सुनिश्चितता प्रदान गर्न कुनै पनि रोगको पहिचान हुनु अतिआवश्यक रहेको हुन्छ । यसै कुरालाई मध्यनगर गरी यस वर्षबाट पालिकाले स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य परीक्षण प्रयोगशाला स्थापना एवं सञ्चालन गरिनेछ।

८. स्वास्थ्यकर्मीको आवश्यकता अनुसार ब्यवस्था गरी उनीहरुको क्षमता बिकासका कार्यकमहरु सन्चालन गरिनेछ ।

## छ) शिक्षा, युवा तथा खेलकुद

१. गाँउभित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने गरिब, विपन्न तथा असहाय जेहेनदार विद्यार्थीको उच्च शिक्षा अध्ययनको लागी छात्रवृत्ती कार्यक्रमको लागु गरी विद्यार्थी छनौट गरी उसको अध्ययन अवधीभर लाग्ने शैक्षिक शुल्क पुर्ण रुपमा गाँउपालिकाले व्यवस्था गरी छात्रवृत्ति प्रदान गरिने नीति लागु गरिनेछ ।

२. गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक जनशक्तिको अभावलाई समेत कमी गर्न सम्पुर्ण विद्यालयहरुमा आवश्यक मात्राको दरबन्दी परिपुर्ति नभएको अवस्थालाई ध्यानमा राखी हाल कायम रहीरहेका शिक्षक अनुदान व्यवस्थालाई आगामी वर्ष समेत निरन्तरता प्रदान गरिनेछ ।

३. विद्यार्थी संख्या, कायम रहेको दरबन्दी तथा शिक्षक संख्या एवं भौगोलिक दुरी लगायतका सम्भावित आयामहरुलाई मध्यनजर गर्दै आगामी दिनहरुमा विद्यालयहरु मर्ज गर्ने नीति अवलम्बन गर्दै लगिनेछ ।

४. बिद्यालयका छात्रछात्राहरुको चाहना, उद्देश्य प्राप्ती, सिर्जित समस्या र हुन सक्ने समाधानका उपाय लगायत विविध विषयमा अन्तर्क्रिया र मनोपरामर्श सेवा समेत हुने गरी प्रत्येक विद्यालयहरुमा कम्तीमा एक जना आदर्श व्यक्तिको उपस्थिती गराई, मनोसामाजिक परामर्श, छलफल एवं अन्तक्रिया कार्यक्रमलाई संचालन गरिनेछ ।

५. शिक्षककरुलाई पेसागत सहयोगका लागि तालिम सञ्चालन गरी शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

६.गाँउभित्रका प्रतिभाहरुलाई उजागर गर्न, “स्वास्थ्यको लागी खेलकुद राष्ट्रको लागी खेलकुद” भन्ने मुल नारालाई सार्थकता दिन साथै खेलकुदको माध्यमबाट गाँउपालिकालाई चिनाउन  विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

७. खेलमैदान वनिसकेका वडामा खेलमैदानको संरक्षण तथा स्तरोन्नति र निर्माण नभएका वडामा खेलमैदान निर्माण गरिने छ ।

८. खेलाडीको मनोबल उच्च राख्नको लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने गाँउबासी खेलाडीलाई उचित पुरस्कार र सम्मान गर्ने नीति लिईनेछ । .

९. गाँउ भित्र रहेका युवाहरूलाई गाँउको नीति निर्माण, योजना कार्यान्वयन, अनुगमन जस्ता क्रियाकलापमा प्रतिनिधित्व गराउन प्राथमिकता प्रदान गर्ने नीति लिइने छ ।

१०. प्रत्येक वडामा वडास्तरीय युवा क्लब गठन गरी युवाहरूलाई खेलकुद, सामाजिक उत्तरदायित्व बहन, विकास निर्माण तथा उत्पादनमूलक कार्यमा सक्रिय गराइने छ ।

## ज) भाषा, संस्कृति तथा पर्यटन

१.कुनै पनि समाज, जात वा धर्मको पहिचान भनेकै आफ्नो परम्परागत लोक संस्कृति र भाषा हो । यसको संरक्षण र सम्वर्धनका सम्बन्धी गाँउपालिकाले गर्नुपर्ने आवश्यक पहल र सहयोग गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

२. ईतिहासका धरोहरहरुको संरक्षण सिंगो गाँउपालिकाको पहिचान तथा पर्यटन विकासमा महत्वपुर्ण योगदान पुऱ्याउने विभिन्न धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरुमा प्रसिद्धि कमाएका मेला तथा जात्रा लगायतका परम्परा र संस्कृतिलाई संरक्षण, संबर्द्धन, प्रबर्द्धन तथा प्रचार प्रसार गर्ने नीति लाई निरन्तरता छ ।

## झ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक सुरक्षा

१. आधा आकास ढाक्ने समाजको परिवर्तन र रुपान्तरणमा अहम भूमिका निर्वाह गर्नुहुने महिला दिदीबहिनीहरुको आर्थिक, राजनैतिक एवं सामाजिक क्षमता विकास, समग्र मुलुकको विकासमा अपरिहार्य रहेको परिपेक्षलाई मध्यनजर गर्दै आवश्यकता अनुसार प्रत्येक वडाहरुमा महिला समूह गठन गरी उक्त समिति, समूह, तथा समुदाय एवं महिलाहरुद्धारा सञ्चालित महिला सहकारीहरुलाई विशेष प्राथमिकतामा राखी महिलाहरुको सिप तथा क्षमता विकासमा प्राथमिकता दिईने नीतिलाई निरन्तरता दिई विकासमा मुल प्रवाहीकरण गरिने एवं नेतृत्व विकासलाई क्षमता अभिबृद्धी गर्ने नीति अवलम्बन गरिनेछ।

२.साथै स्वयं सेविकाहरुको महत्वलाई आत्मसाथ गरी कार्य निरन्तरताको लागी नयाँ सक्षम र स्वयंसेवी भावनाका महिलाहरुलाई स्थानिय आमा समूहको सिफारिसमा जिम्मेवारी प्रदान गरिने नीति अवलम्बन गरिनेछ ।

३. आफ्नो जीवनको उत्तरार्धमा बौद्धिक एवं परिपक्वताको अपार भण्डारणको रुपमा रहनुभएका हाम्रा समाजका आदरणीय अग्रज ज्येष्ठ नागरिकहरुले आफुले देखेका, भोगेका महत्वपुर्ण घटना र विचारको आदान प्रदान, ज्ञानगुनका अनुभवहरु हस्तान्तरण तथा समाजमा हुन सक्ने विकृतीजन्य कार्यको उन्मुलनमा महत्वपुर्ण सुझाव सहित आफ्ना जीवनका उत्तरार्धका समयहरु व्यतित गर्नका लागी आवश्यक कार्यक्रम सचाँलन गरिनेछ ।

४.प्रजनन् उमेरका महिला, बालबालिका तथा किशोरीहरुको पोषण सुरक्षाको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ । साथै टुहुरा असहाय बालबालिकाको पोषण र शिक्षामा सहयोग गर्ने नितिलाई निरन्तरता दिईनेछ ।

५.संरक्षकको अभाव भएका गाँउभित्रका असहाय, अपांग, टुहुरा, मानसिक सन्तुलन गुमाएका बालबालिका तथा अन्य गाँउवासीहरुको लागि आवश्यकता अनुसार साझेदारीमा समेत हुने गरी पालन पोषण, शिक्षादीक्षा, औषधी उपचारको ब्यवस्था गरिनेछ ।

६.घरेलु हिंसा पिडित महिलाहरु संरक्षण, सहयोग र जीवनयापनका लागि बिशेष महत्व दिई त्यस्ता पिडित महिलाहरुका लागि निशुल्क कानुनी सहयोग तथा आपतालीन सेवालाई दिईएको सहयोगलाई अझ बढोत्तरी गर्ने नीति लिईनेछ।

७। सुस्त मनःस्थितिका बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउनुको लागी अनुभवी एवं दक्ष शिक्षक शिक्षिकाको व्यवस्थापन गरी सहज जीवन यापनको लागि आवश्यक पर्ने आधारभुत आवश्यकताको परिपुर्तिको लागी समेत सहयोग प्रदान गरिनेछ।

## ञ) खानेपानी तथा सरसफाई

१. नेपाल सरकारको आगामी तीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट

मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षागर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतकाजलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्थाअद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरणगर्ने व्यवस्थामिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

३. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षागर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणापत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०७८ साल भित्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणागर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरु लाई तीनतारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

५. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै

सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु ५० हजार भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागिउन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

६. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभलिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकताअनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापनागर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालनगर्ने नीति लिइनेछ ।

७. खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. गांउपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अबस्था सुनिश्चितता, बिस्लेषण तथा योजना निर्माणका लागि खानेपानी सरसफाई तथा स्वच्छता योजना(WASH Plan) निर्माण र सो क्षेत्रको आगामि ५ बर्षे रणनितिक योजना निर्माण गरिने छ ।

## ट) विविध

१. जमिन उपयोग नीति र कार्यविधि बनाई जमिन उपयोग वर्गीकरण गरी कृषि, आवास, उद्योग, पर्यटन क्षेत्र निर्धारण गरिनेछ ।

२.गाँउभित्रका सबै सार्वजनिक एवं गरिबी निवारणको लागी लघु उद्योग विकास कार्यक्रम सामाजिक परिचालन र सशक्तिकरणको कार्यक्रमलाई गाँउभित्रका सबै वडाहरुमा लागु गरिनेछ ।

३. गरिबी उन्मुलन, भूमिहिन रहित गाँउपालिका निर्माणको लागी गाँउभित्र रहनुहुने वास्तविक भूमिहिनहरुको पहिचान गरी वस्ती विकास नीतिलाई अगाडी बढाईनेछ

४.भूमिहिनहरुको लागी जग्गाको व्यवस्थापन गरीने नीति ल्याइनेछ ।

५. गरिबी न्युनीकरण एवं सामाजिक समावेशीकरण सम्वन्धी लक्षित कार्यक्रमहरु संचालन गरी स्वावलम्बी वर्ग, उत्पीडित आदिवासी जनजाति, असहाय, असक्त अपाङ्ग, बौद्धिक अपांग एवं महिलावर्गहरुलाई विकासको राष्ट्रिय मूलप्रवाहमा ल्याउन जोड दिईने छ ।

६.गाँउको सर्वाङ्गिन विकास, सुरक्षा, वातावरण संरक्षण, हरियाली तथा सौन्दर्य प्रवद्धन एवं ऐन, नियम, कानुनको पालना गर्नगराउन  आवश्यकता अनुसार जिम्मेवार जनशक्तिको ब्यवस्था गरिनेछ ।

७. बैदेशिक रोजगार सम्बन्धी समुदायकास्तरमा सूचना पहुंच अभिबृद्धि गरी जनचेतना बढाउने र अनिक्षित रुपमा हुने ठगी र शोषणमा परेका र पर्न सक्ने श्रमशक्तिलाई न्यायमा पहुंच बढाउनका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको साझेदारीमा सुरक्षित बैदेशिक रोजगारीका लागि तथा बैदेशिक रोजगारीमा गएकाहरुको परिवारलाई मनोपरामर्श सेवालाई गाँउपालिका मार्फत सञ्चालन गरिनेछ ।

८.स्थानीय तहको निर्वाचनमा गरिएको प्रतिबद्धता अनुरुप स्वावलम्बी वर्गका नागरिकहरुलाई सरोकारवालाहरुको समन्वयमा सीप र क्षमता अभिबृद्धि गरी स्वरोजगार प्रदान गर्ने तालिमहरु संचालनमा जोड दिइने छ ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

सिमित श्रोत र साधन, विकट भौगोलिक परिवेश एवं असिमित विकास निर्माणका कार्यहरुलाई एकत्रित एवं समन्वय गर्न अतिनै कष्टकर रहेको परिवेशलाई मध्यनजर गरी विकास निर्माण कार्यलाई गुणस्तरीय र दीर्घकालिन उपयोगमा ल्याउन मिल्ने गरी सम्पन्न गरीदिनुहुन सम्पुर्ण सभासदस्य ज्यूहरु लगायत आम नागरिक, निर्माण व्यवसायी, उपभोक्ता समिति समक्ष म हार्दिक अनुरोध गर्दछु । गाँउबासीको सेवानै हाम्रो धर्म हो भन्ने मुल मर्मका साथ वर्षदिन भरी गाँउ विकासको कार्यमा खटिई आफ्नो महत्वपुर्ण योगदान प्रदान गर्नुहुने सम्पुर्ण कार्यपालिका र गाँउ सभासदस्य ज्यूहरु, विषयगत समितिका प्रतिनिधी ज्यूहरु, गाँउपालिका एवं अन्तर्गतका सम्पुर्ण कर्मचारी ज्यूहरु, शिक्षक शिक्षिका ज्यूहरु, नागरिक समाज लगायतका सम्पुर्ण महानुभावहरु साथै हाम्रा सम्पुर्ण रचनात्मक कार्यमा प्रशंसा एवं साझेदारी तथा कमीकमजोरीमा टिकाटिप्पणी सहित सचेतताका आवाज एवं कलम चलाउनुहुने राज्यको चौथो अंग पत्रकार ज्यूहरुलाई यस गाँउसभाकानवौं अधिवेशनको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नीति बन्नु मात्रै आफैमा पुर्ण हुँदैन त्यसलाई कार्यान्वयन गर्नु अझ महत्वपुर्ण चुनौती रहेको हूँदा प्रस्तुत नीति तथा कार्यक्रम अनुसार नै आगामी आ.व.को बजेटमा यथोचित सम्बोधन गर्ने प्रयास गरेका छौँ ।साथै सम्पुर्ण राजनितिक दल, सरकारी निकाय, विभिन्न संघसंस्था, नागरिक समाज, बुद्धीजिवी, उद्योगी व्यवसायी, एवं सम्पुर्ण गाँउबासीहरुको श्रृजनात्मक र रचनात्मक सहयोग, सद्भाव र समन्वय सहितको सहभागिताको अपेक्षा गरेका छौँ । हाम्रा सम्पुर्ण कार्यहरुको सहयोग र समर्थन एवं गलत कार्यहरुको समिक्षा सहित कमजोरी औंल्याउने कार्य गर्दै विगतमा झैं भविष्यमा समेत खबरदारी गरिरहनु हुन सरोकारवाला सम्पुर्णमा आग्रह गर्दै सबै मिली सुखी नेपाली सम्बृद्ध नेपालको मुल मर्ममा ईट्टा थप्ने कार्यमा टेवा पुऱ्याउने विश्वासका साथ यस गाँउसभालाई सफल र प्रभावकारी रुपमा सम्पन्न गर्नको लागी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग र सद्भाव, प्रेरणा र उर्जा, खबरदारी र व्यवस्थापन गर्नुहुने सम्पुर्ण महानुभावहरु प्रति नमन गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अव म आगामी आ.व.को आय ब्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

**आय तर्फ :**

(क) संघीय समानिकरण - ८ करोड ४१ लाख

(ख) संघीय राजस्व बाँडफाँड - ७ करोड ८० लाख ९३ हजार

(ग) संघीय विशेष अनुदान - ६६ लाख

(घ) संघीय समपुरक - ४२ लाख

(ङ) प्रदेश समानिकरण - ५७ लाख १ हजार

(च) प्रदेश राजस्व बाँडफाँड - २२ लाख ९४ हजार

(छ) प्रदेश विशेष अनुदान - ५० लाख

(ज) प्रदेश समपुरक - १४ लाख २९ हजार

(झ) आन्तरीक आय - २५ लाख

(ञ) संघीय सशर्त - २० करोड ४१ लाख

(ट) अ.ल्या. - २ करोड

**जम्मा : ४१ करोड ४० लाख १७ हजार**

**ब्यय तर्फ :**

(१) कार्यालय सञ्चालन तथा प्रशासनीक : ४ करोड ९५ लाख

(२) शिक्षा : १ करोड ७५ लाख

(३) कोरोना कोष : १ करोड

(४) स्वास्थ्य : १ करोड

(५) आयुर्वेद : १० लाख

(६) कृषि : ४५ लाख

(७) प्रधानमन्त्री रोजगार कार्यक्रम : ५ लाख

(८) पशु : ३५ लाख

(९) आकस्मिक : १० लाख

(१०) खानेपानी : २० लाख

(११) समपुरक  : ५६ लाख २९ हजार

(१२) ग्रामिण जलस्रोत परियोजना : ८० लाख

(१३) पर्यटन : १० लाख

(१४) न्यायिक समिति : १२ लाख

(१५) गरिव संग अध्यक्ष कार्यक्रम : ८० लाख

(१६) सुचना प्रविधि : २० लाख

(१७) महिला संग उपाध्यक्ष : १५ लाख

(१८) महिला : १० लाख

(१९) सडक मर्मत सम्भार : २६ लाख

(२०) बालबालिका : ५ लाख

(२१) आपाङ्ग : ५ लाख

(२२) दलिन संग अध्यक्ष : १५ लाख

(२३) जनजाती : ५ लाख

(२४) अल्पसंख्यक : ५० हजार

(२५) सडक मर्मत तथा निर्माण : ६५ लाख

(२६) पोषण : ८ लाख

(२७) उर्जा (विद्युत) : १५ लाख

(२८) बन तथा बातावरण : ५ लाख

(२९) ज्येष्ठ नागरीक : ५ लाख

(३०) कर्मचारी कल्याण कोष : १० लाख

(३१) युवा संग अध्यक्ष : २५ लाख

(३२) संचार/मिडिया : २० लाख

(३३) सिचाई : ३० लाख

(३४) सहकारी : १० लाख

(३५) झो. पु. साझेदारी : १५ लाख

(३६) भुमी समस्या समाधान आयोग : ४ लाख ५० हजार

(३७) सर्पदंश : ८ लाख

(३८) ललितकला : २ लाख

(३९) टुहुरा बालबालीका ५लाख

(४०) कार्यक्रम खर्च : ३३ लाख ५९ हजार

(४१) वडा पुँजीगत : २ करोड ८० लाख

(४२) वडा चालु : ५६ लाख

(४३) संघीय सशर्त - २० करोड ४१ लाख

(४४) संघीय विशेष अनुदान - ६६ लाख

(४५) संघीय समपुरक - ४२ लाख

(४६) प्रदेश विशेष अनुदान - ५० लाख

(४७) प्रदेश समपुरक - १४ लाख २९ हजार

**जम्मा : ४१ करोड ४० लाख १७ हजार**

अन्तमा प्रस्तुत आगामी आ.व.को निति, कार्यक्रम तथा बजेटको कार्यान्वयनमा सम्वद्ध सबै पक्षको सकृय सहभागिताको अपेक्षा गर्दै प्रस्तुत निति, कार्यक्रम तथा बजेट निर्माणमा आवश्यक सहयोग र सुझाव प्रदान गर्नुहुने सबै जनप्रतिनिधिज्यूहरु, राजनितिक दलहरु, कर्मचारीहरु, सरकारी/गैरसरकारी संघ संस्थाहरु, बुद्धीजिवी, समाजसेवी, आम जनता सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

भगवती देवी बम

**उपाध्यक्ष**

बोगटान फुड्सिल गा.पा.,
डोटी

मिति : २०७८/०३/१०